नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
बर्दिया

Website : bardiya.edcu.gov.np
E-mail : deobardiya@gmail.com
☎: ०८४-४२०११३
☎: ०८४-४२००४५
📠: ९८५८०२०११३

पत्र सख्याः ०८३।०८४ मितिः २०८३।०६।१३

चलानी नम्बरः ९४६

विषयः विवरण उपलब्ध गराइदिने सम्बन्धमा।

श्री स्थानीय तह (सबै)
बर्दिया।

उपर्युक्त सम्बन्धमा श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर,(शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा) को चलानी नम्बर २४२ मिति २०८३।०६।१३ गतेको पत्रको बेहोरा अबगत गरी सो सम्बन्धमा सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धमा शिक्षा नियमावली २०५९(संशोधन सहित) को परिच्छेद -१७ नियम ९३ बमोजिम सम्पूर्ण विद्यालयहरूले नियमानुसार आबश्यक प्रक्रिया पुरा गरी प्रधानाध्यापक नियुक्ति भएको वा नभएको सम्बन्धमा यसै पत्र साथ संलग्न Google form भरी यस एकाइमा ५ दिन भित्र पठाइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

.....
देबमणि चौधरी
देवमणि चौधरी
एकाइ प्रमुख

बोधार्थः

श्री शिक्षा विभाग, (शासकीय सुधार अनुगमन तथा अनुसन्धान शाखा) सानोठिमी, भक्तपुर।

नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

शिक्षा विभाग

सानोठिमी, भक्तपुर

(शासकीय सुधार, अनुगमन तथा अनुसन्धान शाखा)

पत्र सङ्ख्याः २०८३/८४ (शा.अ.अ.)

च.न.: २४२

मितिः २०८३।०६।१३

विषयः विवरण उपलब्ध गराउने सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय एकाइ,
सबै।

प्रस्तुत विषयमा शिक्षा नियमावली,२०५९(संशोधनसहित) को परिच्छेद-१७,नियम ९३ को प्रधानाध्यापक सम्बन्धी व्यवस्था भए बमोजिम कार्यान्वयन गर्न/गराउन यस विभाग (सांविक शिक्षा तथा मानव स्रोत विकास केन्द्र) को प.स.०८२/८३,शा.सु., च.न.२, मिति २०८२।०४।०७ को पत्रबाट शिक्षा विकास तथा समन्वय एकाइ, सबैमा परिपत्र गरिएको बेहोरा अवगत नै होला।

उक्त विषयमा हाल राष्ट्रिय सतर्कता केन्द्र, सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौंको प.स.०८३/८४, च.न.सूच.१५/५९६, मिति २०८३।०५।२९ को यसैसाथ संलग्न पत्रमार्फत देशभर प्रायः स्थानीय तह अन्तर्गतका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्तिको व्यवस्था कार्यान्वयन नगरेको/ परिपत्र कार्यान्वयन नभएको भनी लेखी आएकाले यसमा के-कसो भएको छ? सो सम्बन्धमा त्यस जिल्ला अन्तर्गतका प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहका सामुदायिक विद्यालयहरुमा प्रचलित कानुन बमोजिम प्रधानाध्यापक नियुक्ति भए नभएको बेहोरा खुल्ने गरी संलग्न ढाँचाको फाराम र Online Form भर्नका लागि क्यूआर कोडमार्फत सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरुको विवरण ७(सात) दिनभित्र यस विभागमा उपलब्ध गराइदिनु हुन निर्णयानुसार अनुरोध छ।

२०८३/०६/१३

(डा. श्याम प्रसाद आचार्य)
निर्देशक

बोधार्थः-

श्री राष्ट्रिय सतर्कता केन्द्र,
सूचना सङ्कलन तथा अन्वेषण शाखा, सिंहदरबार, काठमाडौं।

श्री स्थानीय तह, सबै।

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सूचना संकलन तथा अन्वेषण शाखा

शिखरपुर, काठमाडौं

गोप्य

प.सं. :- ०८३/८४

च.नं. :- सूच.१५/५९६

मिति :- वि.सं. २०८३/०५/२१

ने.स. :- ११४६ जँलाथ्वं,३ सोमवार

विषयः राय प्रतिक्रिया सहितको जवाफ उपलब्ध गराइदिनहुन ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र,
सानोठिमी,भक्तपुर।

सामुदायिक विद्यालयमा देशभर प्रायः स्थानीय तहमा माध्यमिक विद्यालयमा माध्यमिक तहको शिक्षक हुँदाहुँदै प्राथमिक तहको शिक्षकलाई प्र.अ. बनाइएको छ । शिक्षा नियमावलीमा भएको प्र.अ. सम्वन्धी नियम स्थानीय तहहरुले कार्यान्वयनमा नलैजाने तर नियामक निकाय के हेरेर बसेको छ। मिति २०८२ साउन ७ गते शिक्षा तथा मानव स्रोत बिकास केन्द्रबाट सबै जिल्लाका शिक्षा समन्वय ईकाइलाई पत्राचार गरे तापनि सो व्यवस्था कार्यान्वयन भएको छैन। उदाहरणका लागि काठमाडौं जिल्लाको दक्षिणकाली नगरपालिकामा रहेका ९ वटा सामुदायिक विद्यालयमध्ये ५ वटा विद्यालय चम्पादेवी माध्यमिक विद्यालय, सेतीदेवी माध्यमिक विद्यालय, श्रीकृष्ण मा.वि., कालिदेवी मा.वि. लगायतमा प्राथमिक तहका शिक्षक नै प्र.अ. का रूपमा कार्यरत छन। के सरकारले बनाएका कानुन मातहतका निकायले पालना गर्न नपर्ने हो ? भन्ने व्यहोराको उजुरी निवेदन केन्द्रमा प्राप्त हुन आएकोमा यस सम्बन्धमा के भएको हो? त्यस कार्यालयबाट भएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन गरी राय प्रतिक्रिया सहितको जवाफ तथा सम्बद्ध कागजात पत्र प्राप्त भएको मितिले १५ दिन भित्र केन्द्र उपलब्ध गराइदिनहुन भ्रष्टाचार निवारण ऐन, २०५९(शंशोधन सहित) को दफा ३८ को उपदफा २ तथा राष्ट्रिय सतर्कता केन्द्र (कार्य व्यवस्थापन) निर्देशिका २०६८ को दफा ४.१ बमोजिम अनुरोध छ।

शिवा कुमार पौड्याल
प्रहरी उपरीक्षक

इमेल: navic@nvc.gov.np, admin@nvc.gov.np, वेवसाइट: www.nvc.gov.np, हटलाईन: ४२००३४५, ४२००३३९, ४२००३४०, ४२००३४९, ४२००३५०, ४२००३५१, ४२००४५५, ४२११८२८, ४२००४१२

विवरणको लागि तपसिल बमोजिमको ढाँचा:-

सि.न.	जिल्ला	स्थानीय तह	विद्यालयको नाम र ठेगाना	EMIS नम्बर	विद्यालय सञ्चालन भएको उच्चतम तह	प्रधानाध्यापक को नाम	प्र.अ.को नियुक्ति भएको उच्चतम तह/स्तर(मा.वि /आधारभूत)	प्र.अ.नियुक्तिको प्रकार	विद्यालयको उच्चतम स्तरमा नियुक्त भएका शिक्षकको सङ्ख्या (स्थायी,अस्थायी /करार सबै)	कैफियत
१										
२										

Online Form भर्नाको लागि QR Code (क्यूआर कोड) :-